नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग



# अत्यावश्यक चालक अनुमतिपत्र छपाई (Urgent Printing) सम्बन्धी निर्देशिका, २०८१

यातायात व्यवस्था विभाग

मिनभवन, काठमाण्डौं

२०८१, पुष

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

<u>स्वीकृत मितिः</u> २०८१/०९/१६

## <u>अत्यावश्यक चालक अनुमतिपत्र छपाई (Urgent Printing) सम्बन्धी निर्देशिका, २०८१</u>

**प्रस्तावनाः** वैदेशिक रोजगार, वैदेशिक अध्ययन, अन्तराष्ट्रिय शान्ति मिसन र कूटनीतिक नियोगमा खटिनुपर्ने पदाधिकारी लगायत चालक अनुमतिपत्र अत्यावश्यक भएका प्रचलित कानुन बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न योग्य नागरिक वा व्यक्तिलाई चालक अनुमतिपत्र अत्यावश्यक छपाई गरी उपलब्ध गराउन वाञ्छनीय भएकोले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी विभागले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो निर्देशिकाको नाम **"अत्यावश्यक चालक अनुमतिपत्र छपाई (Urgent Printing) सम्बन्धी निर्देशिका, २०८१"** रहेको छ ।

(२) यो निर्देशिका विभागबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

क. **"विभाग"** भन्नाले यातायात व्यवस्था विभागलाई बुझ्नुपर्दछ ।

ख. **"अत्यावश्यक छपाई (Urgent Printing)"** भन्नाले विभागबाट हुने चालक अनुमतिपत्रकोनियमित छपाईको अतिरिक्त बैदेशिक रोजगार, वैदेशिक अध्ययन, अन्तराष्ट्रिय शान्ति मिसन र कूटनीतिक नियोगका पदाधिकारी लगायत सवारी चालक अनुमतिपत्र अत्यावश्यक भएका प्रचलित कानुन बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न योग्य नागरिक वा व्यक्तिलाई विभागबाट तोकेबमोजिम अत्यावश्यक छपाई **Urgent Printing) गरी** चालक अनुमतिपत्र उपलब्ध गराउने कार्यलाई सम्झनु पर्दछ।

ग. **"अनलाईन प्रणाली"** भन्नाले यस विभागमा रहेको सवारी चालक अनुमतिपत्र प्रणाली (EDL), चालक अनुमतिपत्र अनलाईन आवेदन प्रणाली (https://applydlnew.dotm.gov.np/) लगायतका सवारी चालक अनुमिपत्रसंग अन्तरसम्बन्धित विद्युत्तीय प्रणालीलाई सम्झनु पर्दछ ।

३. <u>चालक अनुमतिपत्रको अत्यावश्यक छपाई गर्न सकिनेः</u> (१) वैदेशिक रोजगार वा वैदेशिक अध्ययनमा जानुपर्ने नागरिक वा अन्तराष्ट्रिय शान्ति मिसन वा कूटनीतिक नियोगका कर्मचारी वा पदाधिकारीले प्रचलित कानून बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न आवश्यक प्रकृया पूरा गरी चालक अनुमतिपत्र अत्यावश्यक छपाईको लागि विभागको वेवसाईट dotm.gov.np वा applydlnew.dotm.gov.np मा गई विभाग समक्ष अनलाइन आवेदन गर्न सक्नेछन्।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

(२) उपदफा (१) बमोजिम आवेदन गर्दा अनुसूची-१ बमोजिमको कागजात संलग्न गरी अनुसूची-२ बमोजिमको अनलाईन प्रणाली र प्रकृया अवलम्बन गर्नु पर्नेछ।

तर विभागमा रहेको सवारी चालक अनुमतिपत्र प्रणालीमा हुने सर्भर डाउन लगायत प्रणालीगत समस्या उत्पन्न भई तत्काल उपदफा (१) र (२) बमोजिमको अनलाईन प्रणालीबाट आवेदन गर्न सम्भव नभएमा अनुसूची-१ बमोजिमको कागजात संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा विभागसमक्ष आवेदन गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि विद्यालय, अस्पताल, सार्वजनिक कार्यालय लगायत सार्वजनिक वा सरकारी प्रयोजनको लागि चालक अनुमतिपत्र अत्यावश्यक भएको प्रचलित कानून बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न योग्य नागरिकले तत् तत् कार्यालयको सिफारिस सहित चालक अनुमतिपत्र अत्यावश्यक छपाईको लागि अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) को अतिरिक्त कुनै नेपाली नागरिकले आफूले गर्ने पेशा र रोजगारको आवश्यकता र औचित्यताको कारण अत्यावश्यक भई चालक अनुमतिपत्र अत्यावश्यक छपाईका लागि पुष्टि हुने कागजात र आफ्नो रोजगार दाता निकाय वा संस्थाको सिफारिस सहित अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन गर्न सक्नेछ।

(५) उपदफा (१), (३) र (४) बमोजिम प्राप्त आवेदन छानबिन गर्दा तथा संलग्न आवेदन कागजात रुजु गर्दा उपयुक्त देखिएमा विभागले चालक अनुमतिपत्र अत्यावश्यक छपाई गर्न गरी उपलब्ध गराउन सक्नेछ।

४. **प्रवेशाज्ञा प्राप्त (Visa Apply) गर्न अत्यावश्यक चालक अनुमतिपत्र छपाई गर्न सकिनेः** (१) विभागले कुनै नेपाली नागरिकलाई वैदेशिक रोजगार वा वैदेशिक अध्ययनमा जानका लागि प्रवेशाज्ञा प्राप्त (Visa Apply) गर्नका लागि चालक अनुमतिपत्र अनिवार्य भएमा अनुमतिपत्र छपाई गरी उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्नका लागि प्रवेशाज्ञा प्राप्त (Visa Apply) गर्न चालक अनुमतिपत्र अत्यावश्यक भएको पुष्टि भएको कागजात सहित सम्बन्धित कन्सल्टयान्सी वा म्यान पावर कम्पनी वा स्पोन्सरबाट सिफारिश पत्र संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा आवश्यक कागजात समेत संलग्न गरी विभाग समक्ष आवेदन गर्नु पर्नेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

(३) विभागले उपदफा (२) बमोजिम प्राप्त आवेदनको साथमा संलग्न कागजात रुजु गरी उपयुक्त देखिएमा चालक अनुमतिपत्र अत्यावश्यक छपाई गरी उपलब्ध गराउन सक्नेछ ।

५. **रोजगारीको लागि आवेदन गर्न चालक अनुमतिपत्र अत्यावश्यक छपाई गर्न सकिने:** (१) सरकारी तथा निजी क्षेत्रमा कुनै रोजगारीको लागि आवेदन (Job Apply) गर्न सवारीचालक अनुमतिपत्र अनिवार्यरुपमा पेश गर्न माग भएको देखिएमा त्यस्तो क्षेत्रमा रोजगारको लागि निवेदन दिने व्यक्तिले चालक अनुमतिपत्र अत्यावश्यक छपाई को लागि अनुसूची-३ बमोजिमको ढाँचामा Job Apply को फाराम वा job apply का लागि चालक अनुमतिपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कुरा पुष्टि हुने कागजात समेत संलग्न गरी विभाग समक्ष आवेदन गर्न सक्नेछ।

(२) विभागले उपदफा (१) बमोजिम प्राप्त आवेदनकोसाथ संलग्न कागजात रुजु गरी उपयुक्त देखेमा चालक अनुमतिपत्र अत्यावश्यक छपाई गर्न सक्नेछ।

६. **प्रक्रिया अवलम्बन गर्नु पर्ने:** (१) चालक अनुमतिपत्र अत्यावश्यक छपाईको लागि अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन गर्दा अनुसूची-४ बमोजिमको फ्लो चार्टको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम छपाई भएका चालक अनुमतिपत्र प्राप्त गर्न आवेदक स्वायं उपस्थित हुन नसक्ने अवस्थामा अनुसूची-५ बमोजिमको मञ्जुरीनामाको ढाँचा संलग्न गरी पुष्ट्याँई सहितको निवेदन दिनु पर्नेछ ।

७. **अधिकार प्रत्यायोजन:** यस निर्देशिका बमोजिम कार्य सम्पादन गर्न महानिर्देशकले मातहतको अधिकृतस्तरका प्रतिनिधिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

महानिर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

अनुसूची-१

(दफा ३ को उपलदफा (२) संग सम्बन्धित)

**अनलाईन प्रणालीबाट चालक अनुमतिपत्र अत्यावश्यक छपाईका लागि आवश्यक कागजातहरु**

१ **वैदेशिक अध्ययनमा जानका लागि आवश्यक कागजात (Abroad Study)**

a. No Objection Certificate (NOC)/Certificate of Eligibility (COE)/University Offer letter,
b. Passport
c. Visa
d. Ticket

तर भारतमा रोजगार तथा अध्ययनमा जानेका लागि University Offer Letter, College Admission Letter र परिचयपत्र खुल्ने कागजत मात्र पेश गर्नुपर्नेछ।

२ **वैदेशिक रोजगारमा जानका लागि आवश्यक कागजात (Abroad Working)**

a. Passport,
b. Visa/Residential Card
c. Ticket,
d. work permit (श्रम स्वीकृति)

३ **संयुक्त राष्ट्रसंघीय मिसन शान्तिसेनामा जानका लागि आवश्यक कागजात (Peace Keeping** Mission)

a. सम्वन्धित कार्यालयको सिफारिस पत्र,
b. मनोनयन पत्र (Nomination letter),
c. शान्तिसेनामा जाने कर्मचारीको परिचयपत्र ।

४ **गैरआवासिय नेपाली (Non Resident Nepali)**

a. NRN Card/PR Card
b. Ticket
c. passport

५ अन्य (Others) :,

**a. कुटनैतिक**

क. राजदुतावासको सिफारिश पत्र
ख. लाईसेन्स होल्डरको परिचयपत्र

**b. डिपेन्डेन्ट**

निर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

क. पासपोर्ट,

ख. भिसा,

ग. टिकट,

घ. स्पाउजको (Spouse) भिसा/ विवाह दर्ता

**c. नेपाली लाईसेन्स प्राप्त विदेशी नागरिकको हकमा (NRN)**

क. passport

ख. Nepali Visa

**d. वैदेशिक अध्ययनमा गई अध्ययन सकाई आवशीय प्रमाणपत्र पाएकाको हकमा**

क. Residential Card

ख. Passport

ग. Ticket

महानिर्देशक


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

## अनुसूची-२


(दफा ३ को उपदफा (२) संग सम्बन्धित)

**<u>अनलाईन प्रणालीबाट चालक अनुमतिपत्र अत्यावश्यक छपाईएका लागि आवेदन दिने प्रक्रिया</u>**

१. यातायात व्यवस्था विभागको वेवसाईट Dotm.gov.np मा जाने




२. त्यसपछि अनलाईन सवारी चालक अनुमतिपत्र प्रणालीमा Click गरी अगाडि बढ्ने ।




...निर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

३. त्यसपछि निम्नानुसारको पोर्टल खुल्नेछ । उक्त पोर्टलमा माग भए बमोजिम मोबाईल नम्बर र क्याप्चा प्रविष्टि गरी Next मा Click गरी अगाडि बढ्ने ।

https://applydlnew.dotm.gov.np/login

**Welcome To Online Driving License System of DoTM. Please follow the follo**
(सवारीचालक अनुमतिपत्रको लागि आवेदन प्रणालीमा स्वागत छ । आफ्नो प्रोफाईल बनाई आवेदन पे

**Enter your own Mobile Number (आफ्नो मोबाइल नम्बर प्रविष्ट गर्नुहोस)**

Mobile No *

**Important:**
*Please use the mobile number registered with your name to sign up. You are not allowed to change it afterward.*
*(यो अनलाईन फाराम भर्नका लागि प्रयोग गरिने मोबाईल नं. पछि परिवर्तन गर्न नमिल्ने भएकोले आफ्नै नाममा रहेको मोबाईल नं. मात्र प्रयोग गर्नुहोला ।)*

r4geh

**Enter captcha (माथि चित्रमा देखिएका अक्षरहरू प्रविष्ट गर्नुहोस।)**

Captcha *

Next

४. त्यसपछि निम्नानुसारको पोर्टल खुल्नेछ ।त्यसमा मोवाईल नम्बरमा प्राप्त MPIN प्रविष्टि गरी Next मा Click गरी अगाडि बढ्ने ।

**Enter your MPIN Number (आफ्नो MPIN नम्बर प्रविष्ट गर्नुहोस)**

Check mpin in your mobile message box *

*Check SMS for MPIN No.*
*Please Note: Same MPIN is used to Login Multiple times.*

Forgot MPIN ? Please Click here to Re-Send MPIN.


Next

५. MPIN प्राप्त नभएमा forget MPIN वा Please Click to Re-Send MPIN मा Clik गरेर पुन MPIN प्राप्त गर्न सकिनेछ ।यसरी पनि MPIN प्राप्त नभएमा तपाईंको मोवाईलमा म्यासेज बक्समा DoTM बाट अगावै म्यासेज आईसकेको हुनसक्ने भएकोले म्यासेज बक्स मा चेक गर्न सकिनेछ ।


निर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

६. त्यसपछि निम्नानुसारको विकल्प सहित पोर्टल खुल्नेछ । त्यसमा भएको **Yes, I Have Nepalese Driving License./हो, मसँग नेपाली सवारी चालक अनुमतिपत्र छ** भन्ने विकल्पमा **Chek Mark** लगाई **Next** मा **Click** गर्ने ।





७. त्यसपछि निम्नानुसारको पोर्टलमा आवश्यक विवरण प्रविष्टि गरी **Next** मा **Click** गर्ने ।




नोटः ईमेल ठेगाना नभएको अवस्थामा अनिवार्य प्रविष्टि गर्नु पर्ने छैन ।

८. त्यसपछि देहायको पोर्टलमा भएको विवरण रुजु गरी **Next** मा **Click** गरी अगाडि बढ्ने ।



Applicant License Details ( आवेदक )

BACK | Cancel | Next

Applicant Details

CITIZENSHIP ID: [redacted]
MOBILE NO: [redacted]
LICENSE NO: [redacted]6
APPLICANT NAME: [redacted]
GENDER: Male
DATE OF BIRTH (BS) [redacted]
CITIZENSHIP ISSUED DISTRICT: [redacted]
EMAIL:
APPLICANT ID: [redacted]
WITNESS NAME: [redacted]
DATE OF BIRTH (AD): [redacted]
BLOOD GROUP:


९. त्यसपछि देहायको पोर्टलमा भएको **Smart Card Fast Printing** (अत्यावश्यक कार्ड प्रिन्टिङ) मा **Click** गरी अगाडि बढ्ने ।




महानिर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं


१०. त्यसपछि देहायको पोर्टलमा देखिनेछ ।उक्त पोर्टलमा Reason of Urgency के हो त्यसमा Click गरी अगाडि बढ्ने ।




महानिर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

११. तत्पश्चात देहायको पोर्टल खुलेपछि माग भए बमोजिमका वा अनुसूची -१ बमोजिमको आवश्यक कागजातहरु १ MB भन्दा कम साईजको JPG Format मा अपलोड गर्ने । त्यसपछि विवरण प्रमाणित छ भन्ने statement मा Check Mark लगाई Submit मा Click गरेपछि अनलाई आवेदनको प्रक्रिया पुरा हुन्छ ।



Application for Smart Card Fast Printing (स्मार्ट कार्ड शिघ्र छपाई आवेदन)

Reason (कारण) *

Peace-keeping mission

Ticket No *

Country *

Recommendation letter */ NOC letter / Resident card / Work-Labour Permit(श्रम स्विकृती) / Proof of Document

Choose File No file chosen

Passport copy *

Choose File No file chosen

Image Preview

NO IMAGE AVAILABLE

*Image file must be less than 1MB in size

Image Preview

NO IMAGE AVAILABLE

*Image file must be less than 1MB in size

Visa copy *

Choose File No file chosen

Air Ticket / Others *

Choose File No file chosen

Image Preview

NO IMAGE AVAILABLE

*Image file must be less than 1MB in size

Image Preview

NO IMAGE AVAILABLE

*Image file must be less than 1MB in size

Please bring all vouchers and your old license card when collecting your new printed license.
कृपया नयाँ लाइसेन्स लिन आएको बेला सबै भाउचरहरू र पुरानो लाइसेन्स कार्ड साथ ल्याउनुहोस्।

I hereby claim that provided details are true and authentic. If it is proven fraud with any reasons, I accept the punishment as prevailing Nepal law.
( मैले प्रविष्टि गरेको सम्पूर्ण विवरणहरू सबै सत्य, प्रमाणित हुन् भनि दावि गर्दछु । यदि मैले प्रविष्टि गरिएका विवरणहरू कुनै कारणले गलत ठहरिएमा प्रचलित कानून बमोजिम सजाय भोग्न मञ्जुर छु ।

BACK Cancel Submit

नोटः यसरी अनलाईन प्रणालीबाट आवेदन दिंदा कुनै समस्या देखिएमा विभागको सूचना प्रविधि शाखा (IT Section) मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग मिनभवन, काठमाडौं

## अनुसूची-३

**(दफा ३ को उपदफा (२), (३), र (४), दफा ४ को उपदफा (२) र दफा ५ को उपदफा (१) संग सम्बन्धित)**

मिति :- २०...../...../..........

श्रीमान् महानिर्देशकज्यू,
यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौं ।

विषय :-<u>सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) उपलब्ध गराईदिने सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा म ............................................लाई अनलाईन प्रणालीमा समस्या/सार्वजनिक र सरकारी प्रयोजनको लागि/आवद्ध भएको पेशा र रोजगार/वैदेशिक रोजगारी प्रवेशाज्ञ प्राप्त गर्न/ रोजगारीका लागि आवेदन गर्न चालक अनुमतिपत्र अत्यावश्यक भएकोले सिघ्र छपाईका लागि मेरो देहायको विवरण तथा कागजात सहित सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) उपलब्ध गराई दिनु हुन निवेदन पेश गरेको छु । सो चालक अनुमतिपत्र मैले कानुन बमोजिम सम्पुर्ण प्रक्रिया पुरा गरेर लिएको हुँ । साथै मेरो संलग्न विवरण र कागजात सहि साचो हो र मैले पेश गरेको विवरण तथा कागजातमा कुनै फरक परेको भए प्रचिलत कानून बमोजिम सहुँला/बुझाउला भनी स्वघोषणा समेत गर्दछु ।

**<u>देहाय</u>**

नाम :- .......................................................

ठेगाना :- .......................................................

ना.प्र.न./रा.प.न.......................................................

स.चा.अप.न :- ..........................................

जारी मिति :- ..........................................

नविकरण भएको भए सोको मिति :-...........................

तत्काल (अर्जेन्ट) आवश्यक पर्नाको कारण/प्रयोजन:-

१.

२.

**<u>निवेदक</u>**

दस्तखत :-...........................

नाम :-.................................

ठेगाना :-..............................

सम्पर्क नम्बर :-....................

**<u>संलग्न कागजात</u>**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

२. राजश्व तिरेको सक्कले प्रति

३. सवारी चालक अनुमतिपत्र अत्यावश्यक भएको पुष्ट्याँई गर्ने अन्य कागजात ।

## अनुसूची-४

(दफा ६ को उपदफा (१) संग सम्बन्धित)

**<u>सेवा लिने प्रक्रियाको फ्लो चार्ट</u>**

निवदेनको फारम लिई माग भए वमोजिमको विवरण भरी आवश्यक कागजात संलग्न गर्ने → तोक लगाउनका लागि महानिर्देशक वा महानिर्देकले तोकेको अधिकारी समक्ष जाने

↓

सूचना प्रविधि शाखा (निर्देशक) → सूचना प्रविधि शाखा (IT Section)

↓

सूचना प्रविधि शाखाबाट चालक अनुमतिपत्र छपाईको लागि Approve गर्ने । → Approve भएको १ दिन पछि फेसवुकमा भएको हेल्लो यातायात व्यवस्था विभाग भन्ने पेज (https://www.facebook.com/dotmgovnp/?ref=embed_page) मा जाने

↓

उक्त पेजबाट छपाई भएको/नभएको एकीन गरी छपाई भएको देखिएमा विभागको काउन्टरमा सम्पर्क गरी चालक अनुमतिपत्र लिने ।

नोटः अनलाईन प्रणालीबाट आवेदन दिनेको हकमा Approve भएको/नभएको अनुसूची २ को बुँदा नम्बर ९ अनुसारको पोर्टलमा चेक गर्न सकिनेछ । Approve भएको खण्डमा १ दिन पछी फेसबुक पेजमा गई छपाई भएको एकीन गरी विभागको लाईसेन्स वितरण काउन्टर भिजिट गरी चालक अनुमतिपत्र लिनु पर्नेछ ।

महानिर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

# अनुसूची-५

(दफा ६ को उपदफा (२) संग सम्बन्धित)

## मञ्जुरीनामाको ढाँचा

मितिः- २०....../...../....

श्रीमान महानिर्देशकज्यू,
यातायात व्यवस्था विभाग,
मीनभवन, काठमाडौं ।

विषयः मञ्जुरीनामा सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा चालक अनुमतिपत्र नम्बर............................ भएको सवारी चालक अनुमतिपत्र त्यहाँ विभागबाट छपाई भईसकेको जानकारी प्राप्त भएको हुँदा......................... कारणले उक्त अनुमतिपत्र लिन आफू उपस्थित हुन नसक्ने भएकोले मेरो नाता सम्बन्ध ......................पर्ने जिल्ला.................... मनपा/उमनपा/नपा/गापा.............................बस्ने श्री ................................को छोरा/छोरी ........................ लाई दिँदा कुनै फरक नपर्ने भनी मञ्जुरीनामा गरिदिएको छु। कानुन अनुसार निजलाई सो चालक अनुमतिपत्र प्रदान गरिदिनुहुन अनुरोध गर्दछु। सो चालक अनुमतिपत्र मैले कानुन बमोजिम सम्पुर्ण प्रक्रिया पुरा गरेर लिएको हुँ । यसमा अन्यथा भएमा कानुन बमोजिम सहुँला बुझौंला साथै चालक अनुमतिपत्र हराएमा वा नासिएमा विभाग प्रति कुनै उजुर बाजुर गर्ने छैन भनी स्व घोषणा समेत गर्दछु ।

| | |
|---|---|
| मञ्जुरीनामा लिने | मञ्जुरीनामा लिने |
| नामः...................................... | नामः...................................... |
| ठेगानाः.................................... | ठेगानाः.................................... |
| दस्तखतः.................................. | दस्तखतः.................................. |

**संलग्न कागजात**

१ चालक अनुमतिपत्रको राजश्व तिरेको रसिद
२ मञ्जुरी नामा दिने र लिनेको आधिकारीक परिचयपत्र खुल्ने कागजात
३ अन्य आवश्यक कागजात

महानिर्देशक